(फोन नं.): ०६६-५२०१५०

बेसीशहर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

२०७३

बेसीशहरलमजुङ ,
गण्डकी प्रदेश, नेपाल

प.सं. (Ref No.): २०८३/०८४

च.नं. (Dis No.):

मितिः २०८३/०४/२२

**बेसीशहर नगरपालिका वडा नं. ८ मा रहेको कर्पुरेश्वर पार्कमा क्यान्टिन संचालनको लागि दरभाउ-पत्र आह्वान गरिएको सम्बन्धी**

# सूचना! सूचना!! सूचना!!!

**(तेस्रो पटक प्रकाशित मिति : २०८३।०४।२२)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रही यस कार्यालयको मिति २०८३।०३।२२ को निर्णयानुसार बेसीशहर नगरपालिका वडा नं. ८ मा रहेको कर्पुरेश्वर पार्कमा क्यान्टिन संचालनको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानूनी प्रकृया पुरा गरेका इच्छुक व्यक्ति वा फर्महरुले दर्ता/नवीकरणको प्रमाण-पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण, कर चुक्ताको प्रमाण-पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही ईजिपी र हार्डकपी दुबै माध्यमबाट ठेक्का प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि मिति २०८३।०३।३० र मिति २०८३।०४।०७ गते ७ (सात) दिनको सूचना प्रकाशन गरिएकोमा कुनैपनि दरभाउ पत्रहरु पेश हुन नआएकोले यस कार्यालयको मिति २०८३।०४।२२ को निर्णयानुसार हार्डकपी माध्यामबाट पुनः तेस्रोप पटक ७ (दिन)को लागि यो सूचना प्रकाशन गरिएको छ । अन्य थप जानकारीका लागि यस कार्यालयको वेभर्साईट www.besishaharmun.gov.np तथा यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

**ठेक्काको विवरण**

| क्र। सं। | ठेक्का नं. | ठेक्काको बिबरण | स्थान | न्यूनतम ठेक्का रकम (मू.अ.कर बाहेक) | धरौटी रकम | दरभाउ-पत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | Besishaharmun/ Revenue/SQ/083/84/ 05 | कर्पुरेश्वर पार्कमा क्याटिन संचालनको कार्य | वडा नं. ८, कर्पुरेश्वर | ५०,०००।- (पचास हजार) | कबोल अंकको ५% | १०००।- |

**बोलपत्रसँग सम्बन्धित शर्तहरू**

१) यो ठेक्काको अवधि आ.ब. २०८३।८४ को असार मसान्तसम्म एक बर्षको लागि हुनेछ। यस कार्यालयले निर्धारण गरेको दररेटभन्दा बढी रकम असूल गर्न पाईने छैन ।

२) आ.ब. २०८३।०८४ का लागि ठेक्का वापत न्यूनतम ठेक्का रकम रु. ५०,०००।- (पचास हजार, भ्याट वाहेक) कायम हुनेछ । दरभाउ-पत्र दाताले सो न्यूनतम ठेक्का रकममा चालु आ.ब. २०८३।८४ को लागि कबोल गरेको ठेक्का अंकमा २०% ले बृद्धि गर्दा हुने रकम आ.ब. २०८४।८५ को ठेक्का अंक कायम हुनेछ । यसैगरी सो ठेक्का रकम अर्थात अघिल्लो आ.ब.को ठेक्का रकममा पुनः ३०% ले बृद्धि गरी आ.ब. २०८५।८६ को ठेक्का रकम, यसमा ४०% ले बृद्धि गर्दा हुने रकम आ.ब. २०८६।८७ र सोमा ५०% ले बृद्धि गर्दा हुने रकम आ.ब. २०८७।८८ को ठेक्का रकम कायम गरी आगामी ५ बर्षका लागि ठेक्का संचालन गरिनेछ ।

मनोज सिंह बोहरा
नि. प्रमुख प्रशासकीय अधिकृत

(फोन नं.): ०६६-५२०१५०

बेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

२०७३

बेसीशहरलमजुङ ,
गण्डकी प्रदेश, नेपाल

**प.सं. (Ref No.):** २०८३/०८४

**च.नं. (Dis No.):**

## कर्पुरेश्वर पार्कमा क्यान्टिन संचालनको लागि कायम हुने ठेक्का रकम

| बर्ष | आ.ब. | न्यूनतम ठेक्का रकम | प्रतिबर्ष बृद्दी हुने प्रतिशत र रकम | | कबोल अंक/ठेक्का रकम |
|---|---|---|---|---|---|
| पहिलो बर्ष | २०८३।८४ | ५०,०००।- | | | |
| दोस्रो बर्ष | २०८४।८५ | | २०% | | |
| तेस्रो बर्ष | २०८५।८६ | | ३०% | | |
| चौंथो बर्ष | २०८६।८७ | | ४०% | | |
| पाचौं बर्ष | २०८७।८८ | | ५०% | | |

३) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र, करचुक्ता प्रमाण-पत्र र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपीका साथै वोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बेसीशहरमा रहेको आन्तरिक राजश्व खाता नं. ग-१-१-३०४०१००३०१०१०००२ मा नगद जम्मा गरी यस कार्यालयको राजश्व शाखाबाट दरभाउ पत्र खरिद गरी ८औं दिन अर्थात मिति २०८३।०४।२९ गते १२.०० बजेभित्र यस कार्यालयमा दर्ता गरीसक्नु पर्नेछ । दरभाउ पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तैपछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

४) दरभाउ सम्वन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५% का दरले हुने रकम राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बेसीशहरमा रहेको यस कार्यालयको धरौटी खाता नं. ग-३ ३०४०१००३०३००००००२ मा जम्मा गरी सक्कलै बैंक भौचर वा नेपाल राष्ट बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा दरभाउ पत्रको व्यहोरा उल्लेख गरी दरभाउ खोलिने मितिबाट १२० दिन अवधी भएको बैंक जमानत-पत्र (Bank Guarantee) पेश गर्नु पर्नेछ।

५) रितपूर्वक पर्न आएका दरभाउ सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २.०० बजेदेखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै, दरभाउ-पत्रदाता वा निजको प्रतिनिधि दरभाउ खोल्ने समयमा उपस्थित नभएमा वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य विदाको लगत्तैपछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

६) दरभाउ स्वीकृत भएमा सोको सूचना पाएको मितिले १० दिनभित्र आफूले कबोल गरेको रकम र सोको लाग्ने सम्पूर्ण कर (भ्याट तथा आय कर) सहित सम्झौताका लागि यस कार्यालयमा उपस्थित हुनुपर्नेछ । ठेक्का वापतको पुरै रकम सोही आर्थिक बर्षको पहिलो चरणमै बुझाउने भएमा न्यूनतम दरभाउ अंक बाहेकको रकममा १०% छुट दिइनेछ । प्रतिबर्ष किस्ताको आधारमा रकम जम्मा गर्ने भएमा पहिलो किस्ता वापत (५०%) को रकम, पुरै कबोल अंकको लाग्ने भ्याट तथा आयकर रकम र दोस्रो किस्ता (५०% प्रतिशत) रकमको आगामी आ.ब.को असोज मसान्तसम्म म्याद भएको बैंक जमानत-पत्र सहित कार्यालयमा उपस्थित हुनु पर्नेछ । दोस्रो किस्ता बापतको रकम सोही आ.ब.को चैत मसान्तभित्र जम्मा गरिसक्नुपर्नेछ अन्यथा सोही बैंक जमानत-पत्रबाट असूल उपर गरिनेछ ।

७) रीत नपुगी वा शर्तसहित पेश हुन आएका दरभाउ स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । दरभाउ स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८) प्रचलित नियमानुसार कालोसूचीमा परेका वा यस कार्यालयलाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति/फर्महरुले पेश गरेका दरभाउ-पत्र फाराम उपर कुनै कारवाही हुनेछैन ।

मनोज सिंह बोहरा
नि. प्रमुख प्रशासकीय अधिकृत

☎(फोन नं.): ०६६-५२०१५०
बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
२०७३
बेसीशहरलमजुङ ,
गण्डकी प्रदेश, नेपाल

प.सं. (Ref No.): २०८३/०८४

च.नं. (Dis No.):

९) तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा दरभाउ पेश भएको बखत राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्काको बन्दोबस्त गरिनेछ ।

१०) ठेक्का सम्झौताका कुनै पनि शर्त उल्लङ्घन गरेमा नगरपालिकाले सम्झौता रद्द गर्न गरी धरौटी जफत गरी प्रचलित कानूनबमोजिम थप कारबाही गर्न सक्नेछ।

११) यस कार्यालयले निर्णय गरे बाहेक बन्द, हड्ताल वा अन्य विशेष परिस्थितिका कारण कर संकलनमा कमी आए पनि ठेक्का रकममा कुनै छुट वा दाबी गर्न पाइने छैन । प्राकृतिक विपत्ति, आगलागी, विद्युत् अवरोध वा अन्य विशेष परिस्थितिका कारण सेवा प्रभावित भएमा प्रचलित कानून तथा यस कार्यालयले निर्णय गरेबमोजिम निर्णय हुनेछ।

१२) यस कार्यालयको अनुमतिबिना आफ्नो अधिकार अर्को व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्न पाउने छैन। साथै, अनुमति विना वा जानकारी बिना आफू खुशी शुल्कहरु तोकी कर असूल गर्न वा सेवा तथा व्यवसाय थप गर्न पाईने छैन ।

१३) ठेक्कावालाले कपरिश्वर पार्कको नियमित रूपमा सञ्चालन, व्यवस्थापन, सरसफाइ तथा संरक्षण गर्नुपर्नेछ। पार्कभित्र रहेका भौतिक संरचना, हरियाली, बोटबिरुवा, खेल सामग्री, बेन्च, शौचालय, खानेपानी तथा अन्य सम्पत्तिको संरक्षण तथा सामान्य मर्मतसम्भार गर्नुपर्नेछ। पूर्वस्वीकृति बिना कुनै स्थायी वा अस्थायी संरचना निर्माण, परिवर्तन वा हटाउन पाइने छैन।

१४) पार्कभित्र कुनै पनि अवैध, अश्लील, जुवातास, मदिराजन्य, सुर्तीजन्य वा लागूऔषध सम्बन्धी गतिविधि सञ्चालन गर्न पाइने छैन। साथै, वातावरण संरक्षण, ध्वनि प्रदूषण नियन्त्रण तथा सार्वजनिक स्वास्थ्यसम्बन्धी मापदण्डको पालना गर्नुपर्नेछ।

१५) ड्राई पिकनिक गर्नेहरु १० जनासम्मको लागि रु. २००।- र १० जनाभन्दा बढीको लागि रु. ५००।- सेवा शुल्क लिन सकिनेछ । पार्कमा आउने प्रत्येक आगन्तुकसँग सरल, नरम, शिष्टतापूर्वक व्यवहार गर्नुपर्नेछ ।

१६) पार्कभित्र कुनै दुर्घटना, क्षति वा अप्रिय घटना भएमा तत्काल सुरक्षा निकाय र यस कार्यालयलाई जानकारी गराउनुपर्नेछ।

१७) नगरपालिकाले जुनसुकै समयमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ। ठेक्कावालाले आवश्यक विवरण तथा अभिलेख उपलब्ध गराउनुपर्नेछ।

१८) नगरपालिकाले आयोजना गर्ने सरकारी, सामाजिक, सांस्कृतिक वा सार्वजनिक हितका कार्यक्रमका लागि आवश्यक परेमा पार्क निःशुल्क उपलब्ध गराउनुपर्नेछ।

१९) सम्झौताका शर्त उल्लङ्घन भएमा नगरपालिकाले लिखित सूचना दिई सुधार गर्न निर्देशन दिन, जरिवाना गर्न, कार्यसम्पादन जमानत जफत गर्न वा सम्झौता रद्द गर्न सक्नेछ।

२०) ठेक्का अवधि समाप्त भएपछि पार्क, त्यसका संरचना तथा सम्पत्तिहरू राम्रो र सञ्चालनयोग्य अवस्थामा नगरपालिकालाई हस्तान्तरण गर्नुपर्नेछ।

२१) यस सुचनामा उल्लेख भएका शर्तहरु ठेक्काको सम्झौता प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छन्। यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र उल्लेख नभएका विषय सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बेसीशहर नगरपालिकाको आर्थिक ऐन, २०८३ तथा अन्य प्रचलित कानूनबमोजिम हुनेछ।

मनोज सिंह बोहरा
नि. प्रमुख प्रशासकीय अधिकृत